## रोङ गाउँपालिका

# रोङ राजपत्र

खण्ड : १ | संख्याः ७ | प्रकाशित मितिः २०७४/१२/०९

### भाग-२


# रोङ गाउँपालिकाको मर्मत संभार कोष सञ्चालन कार्यविधि, २०७४


रोङ गाउँपालिका
२०७३

# रोङ गाउँपालिकाको मर्मत संभार कोष संचालन कार्यविधि–२०७४

**कार्यपालिका बैठकबाट स्वीकृत मिति : २०७४/१२/०७**

## रोङ गाउँपालिकाको सडक, भवन तथा अन्य भौतिक पूर्वाधार मर्मत तथा संभार गर्नका लागि बनेको कार्यविधि

प्रस्तावनाः रोङ गाउँपालिकाले संचालन गर्ने आयोजना, विकास निर्माणका क्रियाकलाप तथा भौतिक पूर्वाधारहरुको मर्मत तथा संभार गरी दिगोपना र निरन्तरताको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी गाउँपालिकाको मर्मत सम्भार कोष संचालन कार्यविधि, २०७४ लागू गरिएको छ।

### परिच्छेद-१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम " रोङ गाउँपालिकाको मर्मत संभार कोष संचालन कार्यविधि, २०७४" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ।

### परिच्छेद-२
### परिभाषा

२. **परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "मर्मत संभार" भन्नाले रोङ गाउँपालिकाले सञ्चालन गरेका पूर्वाधारजन्य प्रकृतिका आयोजनाहरुको नियमित मर्मत संभार, स्तरोन्नती र तिनको रेखदेख (हेरालुको काम समेत) गर्ने कार्यलाई सम्झनु पर्दछ।

(ख) "कार्यविधि" भन्नाले मर्मत संभार कोष संचालन कार्यविधि, २०७४ सम्झनु पर्दछ।

(ग) "गाउँपालिका" भन्नाले रोङ गाउँपालिकालाई सम्झनु पर्दछ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(ङ) "स्थानीय तह" भन्नाले गाउँपालिका र वडासमिति समेतलाई सम्झनु पर्दछ।

(च) "भौतिक पूर्वाधार" भन्नाले गाउँपालिका भित्रका सडक, झोलुङ्गे पुल, कल्भर्ट, कुलो, खानेपानी, सिँचाई, तटबन्धन क्षेत्र, सरकारी भवन, विद्यालय/सामुदायिक भवन, सभागृह र खेलमैदान, कभर्डहल र अन्य यस्तै प्रकारका सार्वजनिक भवन तथा संरचनाहरुका अतिरिक्त पुरातात्विक, साँस्कृतिक, ऐतिहासिक क्षेत्र वा सो जन्य पूर्वाधार समेतलाई सम्झनु पर्दछ।

(छ) "उपभोक्ता समिति" भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुको समूहले कुनै आयोजना निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि आफूहरु मध्येबाट रोङ गाउँपालिकाको प्रचलित कार्यबिधि बमोजिम गठन गरेको समिति सम्झनु पर्दछ र सो समूहले सेवा प्रयोगकर्ताहरुको समूहलाई समेत जनाउँदछ।

(ज) "गैर सरकारी संस्था" भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएका र स्थानीय तहबाट आफ्नो कार्यक्रम स्वीकृत गराई स्थानीय तहसँग समन्वय राखी कार्य सञ्चालन गर्ने गैर नाफामूलक संस्था सम्झनु पर्दछ।

(झ) "विकास साझेदार" भन्नाले गाउँपालिकासँग भएका सम्झौता बमोजिम नगद, जिन्सी एवं प्राविधिक सहयोग उपलब्ध गराउने द्विपक्षीय दातृ निकाय, संयुक्त राष्ट्रसंघीय निकायहरु तथा अन्तराष्ट्रिय गैरसरकारी संस्था सम्झनु पर्दछ।

(ञ) "भुक्तानी रकम" भन्नाले निर्माण भएको कुनै आयोजनाको भुक्तानी हुँदा गाउँपालिका अनुदान, प्रदेश सरकारको अनुदान, नेपाल सरकारको अनुदान, कुनै अन्य संस्थाको अनुदान तथा उपभोक्ताको लागत सहभागिताको रकमलाई समेत जनाउँदछ।

(ट) "वडाध्यक्ष" भन्नाले रोङ गाउँपालिकाको सम्बन्धित वडाको वडाध्यक्ष भनी सम्झनु पर्दछ ।

(ठ) "सडक हेरालु" भन्नाले रोङ गाउँपालिका भित्र बनेका सडक, बाटो, पूर्वाधारजन्य संरचना वा सरकारी भवन मर्मत रेखदेख समेतको कार्य गर्ने गरी करार गरिएका सडक हेरालु भनी सम्झनु पर्दछ ।

## परिच्छेद-३
## व्यवस्थापन समिति

३. **व्यवस्थापन समितिको गठनः** (१) मर्मत संभार कोषलाई बढी प्रभावकारी, जवाफदेही, पारदर्शी र भरपर्दो ढंगले सञ्चालन गर्नका लागि देहाय बमोजिमको एक मर्मत संभार कोष व्यवस्थापन समिति रहने छः-

(क) गाउँपालिकाको अध्यक्ष -संयोजक

(ख) गाउँसभाका सदस्यहरु मध्येबाट अध्यक्षले मनोनित गरेको कम्तिमा एक महिला सहित २ जना -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी एक जना -सदस्य

(घ) प्राविधिक शाखा प्रमुख -सदस्य सचिव

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(३) बैठकमा आवश्यकता अनुसारका व्यक्ति तथा सम्बद्ध विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(४) समितिको बैठक संचालन कार्यविधि समिति आफैले तय गरे बमोजिम हुनेछ ।

४. **<u>व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः-</u>** (१) व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) गाउँपालिकाका बिभिन्न आयोजनाहरुको प्राथमिकता तोकी मर्मत सम्भारको एकीकृत वार्षिक कार्यक्रम बनाउने।

(ख) मर्मत संभार कोषमा रकम जम्मा गर्नको लागि श्रोत र साधनको खोजी गर्ने।

(ग) मर्मत संभारलाई दिगो र भरपर्दो बनाउने उपायहरुको खोजी गर्ने।

(घ) सडक, झोलुङ्गे पुल, पुलेसा, खानेपानी, सिँचाई र तटबन्धन क्षेत्रहरुको नियमित मर्मत संभार, स्तरोन्नती सम्बन्धी व्यवस्थापकीय कार्यहरु गर्ने।

(ङ) सरकारी भवन, विद्यालय, सामुदायिक भवन, सभागृह र अन्य सार्वजनिक भवन तथा संरचनाहरु साथै पुरातात्विक, साँस्कृतिक, ऐतिहासिक क्षेत्रहरुको नियमित मर्मत संभार, स्तरोन्नती सम्बन्धी व्यवस्थापकीय कार्यहरु गर्ने।

(च) मर्मत संभार गर्दा लाग्ने खर्चमा न्यूनीकरण गर्न तत्सम्बन्धी कार्ययोजना बनाउने।

(छ) मर्मत संभार कार्यलाई प्रभावकारी बनाउने।

(ज) मर्मत संभार सम्बन्धी कार्यको अनुगमन तथा निरीक्षण गर्ने ।

(झ) करारमा रहेका सडक हेरालूको पारिश्रमिक निर्धारण गरि सम्बन्धित वडाध्यक्षहरुसँग समन्वय गरी निजहरुलाई कार्य जिम्मेवारी तोक्ने ।

(ञ) सडक हेरालूको काम सन्तोषजनक भएको नपाइए कामबाट हटाई वडाध्यक्षको समन्वयमा नयाँ करार नियुक्ति गर्ने ।

## परिच्छेद —४

## <u>मर्मत सम्भार कोष</u>

५. **<u>मर्मत संभार कोषको स्थापनाः</u>** (१) मर्मत संभार कोषको नामले एउटा छुट्टै कोषको स्थापना गरिनेछ जसमा देहाय बमोजिमका रकमहरु जम्मा हुनेछनः

(क) नेपाल सरकारबाट मर्मत संभारका लागि प्राप्त हुने रकम ।

(ख) स्थानीय तहको गाउँसभाबाट मर्मत सम्भारको लागि स्वीकृत भएको रकम।

(ग) स्थानीय गैर सरकारी संस्थाबाट मर्मत संभारको लागि प्राप्त हुने रकम।

(घ) विकास साझेदारहरुबाट मर्मत संभारको लागि प्राप्त हुने रकम।

(ङ) गाउँपालिका तथा वडाबाट संचालन हुने पूर्वाधारजन्य प्राथमिकता प्राप्त आयोजनाहरुको भुक्तानी हुँदा मर्मत संभार बापत कट्टी हुने तोकिए बमोजिमको रकम।

(च) अन्य निकायहरुबाट मर्मत संभार कोषमा जम्मा हुने गरी प्राप्त भएको रकम।

६. **कोष सञ्चालनः** (१) कोषको नाममा प्राप्त हुन आएका सबै रकम रोङ गाउँपालिकाको मर्मत संभार कोषको नाममा बैंक खाता खोली जम्मा गरिनेछ।

(२) कोषको खाता प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी र लेखा शाखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

(३) कोषको आन्तरिक लेखा परीक्षण गाउँपालिकाको आन्तरिक लेखापरीक्षण शाखाबाट हुनेछ।तर गाउँपालिकाको आन्तरिक लेखा परिक्षण शाखा नभएको खण्डमा स्थानीय सरकार सञ्चालन ऐन तथा प्रचलित नियम अनुसार आन्तरिक लेखा परीक्षण गर्नुपर्नेछ।

(४) कोषको अन्तिम लेखापरीक्षण महालेखापरीक्षकबाट हुनेछ।

## परिच्छेद—५
## योजना छनौट तथा कार्यान्वयन प्रकृया

७. **योजना छनौट तथा कार्यान्वयनः (१)** मर्मत संभार कोषमा जम्मा हुन आएको रकमलाई देहायको प्रकृया पूरा गरी योजना छनौट तथा कार्यान्वयन गरिनेछ।

(क) तत्काल मर्मत संभार गर्नुपर्ने भनी स्थलगत रुपमा स्थानीय जनताको माग तथा सो लाई पुष्टि गर्ने प्राविधिक प्रतिवेदन र वडा कार्यालयको सिफारिस प्राप्त भएमा मर्मत संभार सम्बन्धी कार्यहरु छनौट गरी कार्यदिश भएको मितिले संझौतामा उल्लख भए बमोजिम बढीमा ४५ दिन भित्रमा मर्मत संभार गरिसक्नु पर्नेछ।

८. **मर्मत संभार कार्य गराउने सक्ने व्यवस्थाः** (१) गाउँपालिका भित्र रहेका भौतिक पूर्वाधारहरुको नियमित मर्मत संभार, पटके मर्मत, आवधिक मर्मत संभार स्थानीय उपभोक्ताहरुबाट अधिकतम रुपमा स्थानीय श्रोत साधन र जनशक्तिको प्रयोग गरी जनसहभागिता जुटाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ। उपभोक्ता समितिबाट कार्य गराउँदा गाउँपालिकाबाट स्वीकृत कार्यविधि र

प्रचलित कानून बमोजिम गर्न सक्नेछ। साथै स्थानीय साझेदारीको अवधारणालाई आत्मसात गर्न देहाय बमोजिम समेत मर्मत संभार गर्न सकिनेछ

(क) गाउँपालिकाको लागत सहभागितामा सम्पन्न तथा उपभोक्ता समिति मार्फत निर्माण भएका भौतिक पूर्वाधार कार्यहरुको उपभोक्ता समितिले मर्मत संभारका लागि कुल लागतको ३० प्रतिशत रकम जम्मा गरेमा उक्त कार्य प्राथमिकतामा राखी गर्ने।

(ख) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १२ बमोजिम स्थानीय तहबाट हस्तान्तरण भएका आयोजनाहरुको हकमा ६० प्रतिशत रकम त्यस्ता उपभोक्ता समितिबाट व्यहोर्ने मर्मत संभारका योजनाहरुलाई प्राथमिकतामा राखी छनौट गर्नुपर्नेछ।

## परिच्छेद -६

## सडक हेरालू सम्बन्धि व्यवस्था

९. सडक हेरालूको व्यवस्था : (१) यस कोषबाट पारिश्रमिक व्यहोर्ने गरी प्रत्येक वडामा बढीमा २ जनासम्म सडक हेरालू सम्बन्धित वडाध्यक्षको समन्वयमा समितिले दैनिक ज्यालादारीमा सेवा करार गर्न सक्नेछ । सडक हेरालूको हरेक वर्षको बैशाख महिना देखी कार्तिक महिनासम्म वर्षमा जम्मा ७ महिना काम गरे बापत सडक हेरालुहरुको पारिश्रमिक कोष व्यवस्थापन समितिको सिफारिसमा कार्यापालिका बैठकले निर्धारण गर्न सक्नेछ ।

(२) यस दफामा लेखिए बाहेकको अन्य कुनै पनि प्रकारको सुविधा, स्थायित्व, भत्ता वा बिदा सडक हेरालुले दावी गर्न पाउने छैन । साथै बन्द हडताल वा काममा आलटाल गरेको प्रमाणित भए सेवाबाट हटाइ पुनः अर्को सेवा करार गरिनेछ ।

## परिच्छेद -७

## विविध

१०. **विविधः** (१) मर्मत संभार कोष सञ्चालन कार्यविधि संशोधन वा खारेज गर्नु परेमा गाउँ कार्यपालिकाको साधारण बहुमतबाट गर्न सकिनेछ ।

(२) यो कार्यविधिमा उल्लेख भएको कुराहरुको हकमा यसै कार्यविधि अनुसार र उल्लेख नभएको हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ।

(३) यस निर्देशिकामा उल्लेखित प्रावधानहरु प्रचलित कानून तथा स्थानीय सरकार संचालन ऐन, २०७४ सँग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

आज्ञाले,
डिक प्रसाद दाहाल
प्रमुख प्रशासकीय अधिकृत